# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/९/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू |
|---|---|---|---|---|---|
| १ | सुरेन्द्रबहादुर विष्ट समेत<br>(०८०-CR-०१५६)<br>फैसला मिति २०८१।२।१ | **राजश्व चुहावट गरी भ्रष्टाचार गरेको।** | क. <u>**प्रतिवादीहरू सुरेन्द्रबहादुर बिष्ट र पुष्करप्रसाद भट्ट र हरिदत्त जोशीको हकमा**</u><br>प्रतिवादीहरू सुरेन्द्रबहादुर विष्ट र पुष्करप्रसाद भट्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसूरमा विगो रू.३,३३,२२,५८३।०१ कायम गरी ऐ ऐनको दफा ७ ले निर्दिष्ट गरेबमोजिम ऐ ऐनको दफा ३(१) र दफा ३(१)(झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजश्व चुहावट रकम रू ३,३३,२२,५८३।०१ को दोव्वर जरिवाना हुन समेतको सजायको मागदाबी लिइएको छ।<br><br>यसैगरी प्रतिवादी हरिदत्त जोशीले श्री भवानी कन्सट्रक्शनले कबोलेको अङ्क रू. ५,४०,००,०००।– लाई आधार नलिई श्री भवानी कन्स्ट्रक्सन प्रा.लि.ले कबोल गरेको अङ्क रू.३,५२,६९,३६२।७० को रकम भनी झुट्टा व्यहोरा उल्लेख गरी मिति २०७७/०९/०३ गते | **फैसला-**<br>सबैलाई सफाइ।<br>**सफाइ दिँदाका आधार-**<br>क) विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाईरसको कारण नेपाल सरकारबाट बन्दाबन्दी घोषणा गरिएको कारण सबै क्षेत्रमा नकारात्मक असर परेकोमा आन्तरिक आयको ठेक्का सेवा प्रबाहहरू प्रभावित हुनु स्वभाविकै रही नगरपालिका आफैमा अधिकार सम्पन्न निकाय भएको परिप्रेक्ष्यमा नीतिगत निर्णयबाट भएका कार्यलाई राजश्व छुट दिने भ्रष्टाचारजन्य कसूर गरेको भनी मान्न मिल्ने देखिएन।<br>ख) नगरपालिकाले निर्णय गर्दा भवानी कन्सट्रक्शन प्रा.लि.लाई मात्र नभई मारमा परेको सबै व्यवसायीलाई छुट दिने गरी निर्णय भएको, उक्त निर्णय एकलौटी नभएको, नगरकार्यपालिका र नगरसभाले गरेको निर्णयबाट कार्य भएको, उक्त कार्यमा कोही कसैसँग कुनै मिलेमतो नभएको भनी प्रतिवादीहरूले बयान गरेको अवस्थामा उक्त बयान बेहोरा समर्थन हुने गरी प्रतिवादीहरूका साक्षीहरूले अदालतसमक्ष बकपत्र गरेको।<br>ग) कोभिड १९ को कारण राज्यको | क. आ.व. २०७७/०७८ मा जि. कञ्चनपुर भीमदत्त नगरपालिकाले महाकाली नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको रोयल्टी उठाउने सम्वन्धी ठेक्काको न्यूनतम बोलपत्र कवोल अङ्क रू.५,४०,००,०००।- को ठेक्का नं.९/IR/०७७/०७८ मिति २०७७।०७।२१ गते प्रथमपटक राजधानी दैनिकमा प्रकाशित गरेको पाइन्छ।बोलपत्रको सूचनामा उल्लिखित शर्त स्वीकार गर्दै श्री भवानी कन्सट्रक्सन प्रा.लि.का आधिकारिक व्यक्ति ईश्वरीप्रसाद भट्टले रू. ५,४०,००,०००।– ठेक्काको कवोल अङ्क राखी नगरपालिकामा मिति २०७७/८/२१ गते बोलपत्र पेश गरेको, सोही अनुसार बोलपत्र कवोल अङ्क पेश गरेको भवानी कन्स्ट्रक्सन प्रा.लि.को बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई मिति २०७७/०८/२४ गतेको मुल्याङ्कन समितिको निर्णयबाट स्वीकृतिको लागि छनौट भई सिफारिस भएको तथा मिति २०७७/०९/२ गतेको नगर कार्यपालिकाको कार्यालयले स्वीकृति गर्ने निर्णय गरी सदर समेत गरेको र सोही निर्णय अनुसार रू.५,४०,००,०००।– मा श्री भवानी कन्स्ट्रक्सन,कन्चनपुरसँग सम्झौता नगरी रू.३,५२,६९,३६२।७० कवोल गरेको भनी झुट्टा व्यहोरा उल्लेख गरी बोलपत्र स्वीकृतार्थ सम्झौता प्रक्रिया अगाडि बढाउन नगरपालिका कार्यालयलाई निर्देशन दिने भन्ने भीमदत्त नगरपालिका, नगरकार्यपालिकाको मिति २०७७/८/३० को बैठकको निर्णय बमोजिम मिति २०७७/९/३ गते भीमदत्त नगरपालिका कन्चनपुरका नि.प्र.प्र.अ. हरिदत्त जोशी (प्रथम पक्ष) र श्री भवानी कन्स्ट्रक्सन प्रा.लि. भीमदत्त न.पा.-१८ का आधिकारिक प्रतिनिधि दिवाकर भट्ट (द्वितीय पक्ष) बीच मु.अ.कर बाहेक रू.३,५२,६९,३७२।७० रकममा सिद्धार्थ बैङ्कको मिति २०७८/३/२ गते सम्मको म्याद रहेको बैङ्क जमानत पेश गरी भएको सो सम्झौतालाई भिमदत्त नगरपालिकाको आठौ नगर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नि.प्र.प्र.अ. हरिदत्त जोशीले राजश्व कवोल अङ्क घटाई भवानी कन्स्ट्रक्सन प्रा.लि.,कन्चनपुरसँग रू.३,५२,६९,९६२।७० मा ठेक्का सम्झौता गर्दा मु.अ.कर समेत रू.२,११,६५,६०८।८५ घटी राजश्व निर्धारण गरी ऐ ऐनको दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसुरमा घटी राजश्व निर्धारणतर्फको मु.अ.कर समेत रू.२,११,६५,६०८।८५ बिगो कायम गरी ऐ ऐनको दफा ७ ले निर्दिष्ट गरे बमोजिम प्रतिवादी हरिदत्त जोशीलाई ऐ ऐनको दफा ३(१) र दफा ३(१)(झ) बमोजिमको सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रू.२,११,६५,६०८।८५ को दोव्वर जरिवाना हुन समेतको सजायको मागदावी लिइएको देखिन्छ।<br><br>ख. **प्रतिवादी हिमालबहादुर चन्द, हरिसिँह धामी र नरबहादुर शाह तथा इन्जिनियर हिमालय सिंह ऐर र गोविन्दराज उपाध्यायको हकमा**<br>प्रतिवादीहरू हिमालबहादुर चन्द, हरिसिंह धामी, नरबहादुर शाह र हिमालय सिंह ऐरले भवानी | आदेशले नै करारबमोजिम गर्नुपर्ने कार्य पूरा गर्न असम्भव भएको; वादीले दावी गरेअनुरूप सम्झौताको शर्त नं. ८ तथा ठेक्का मुख्य शर्तअन्तर्गतको बुँदा नं. २६ निरपेक्षरूपमा लागू हुने नहुने?प्रतिकूल परिस्थितिमा करारको देवानी दायित्वसमेतबाट उन्मुक्ति पाउने स्थितिमा विशेष र टार्न नसकिने परिस्थिति बेवास्ता गरी भ्रष्टाचारजस्तो फौजदारी कसूरमा करारको कठोर पालनाको सिद्धान्तको आधारमा कसूर कायम गर्न सकिने देखिंदैन।<br>घ) नेपालको संविधानको धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूची ८ र ९ को विषयमा आवश्यक कानून बनाउन सक्ने व्यवस्था रहेकोमा अनुसूची ८ को क्र.सं. ४ र साझा अधिकारको सूची रहेको अनुसूची ९ को क्र.सं. ६ र ८ मा यो विषय समावेश भई संवैधानिक प्राधिकारअन्तर्गत भीमदत्त नगरपालिकाले बनाएको आर्थिक ऐन, २०७७ को दफा २० मा त्यस्तो दस्तुर शुल्क महसूलको दर घटाउन बढाउन वा त्यस्तो दस्तुर शुल्क महसूल आंशिक वा पूर्णरूपमा छुट दिन सक्ने व्यवस्था गरिएको तथा उक्त प्रावधानअनुसार छुट दिने गरी नगर कार्यपालिका, नगरपालिका तथा नगरसभाले गरेको निर्णयानुसार छुट | सभाको निर्णयले अनुमोदन गरेको अवस्था छ।<br>ख. महामारीको रूपमा फैलिएको कोरोना भाईरसको बन्दाबन्दीको अवधिको भनी राजस्वमा छुट दिने मनसाय राखी राय सुझाव दिन हिमालय बहादुर चन्दको सयोजकत्वमा वनेको हरि सिंह धामी, हिमालय सिंह ऐर र नर बहादुर शाह सहितको ४ सदस्यीय समितिले महाकाली नदीबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा ढुवानी मिति २०७८।१।१४ गतेवाट मिति २०७८।२।१७ गते र मिति २०७८/२/१८ देखि २० गतेसम्म पनि घाट सुचारू नभई मिति २०७८/२/२१ गतेदेखि नदीजन्य पदार्थ उत्खनन कार्य भएकोले निज व्यवसायीलाई ३९ दिनसम्मको दामासाहीको हिसाब गरी छुट दिन उपयुक्त हुने भनी सुझाव दिएकोमा भवानी कन्स्ट्रक्शन प्रा.लि.ले मिति २०७७/९/३ मा सम्झौता गर्दा पेश गरेको मिति २०७८/३/२ सम्मको म्याद भएको रू.३,५३,००,०००।– सिद्धार्थ बैङ्कको बैङ्क जमानत फुकुवा भइसकेपछि भीमदत्त नगरपालिकाको ६१ औं नगर कार्यपालिकाको मिति २०७८।४।३२ को निर्णय अनुसार नदीजन्य पदार्थ आयको ठेक्कामा ३८ दिनको रू. ७५,७१,९५५।७२ को राजश्वमा छुटका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरी पत्र प्रेषण गरे पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदुरपश्चिम प्रदेशबाट राजश्वमा छुट नदिइएको अवस्थामा मिति २०७८।९।१८ गते भीमदत्त नगरपालिकाको दशौं नगर सभाले श्री भवानी कन्सट्रक्शन प्रा.लि.लाई प्राकृतिक स्रोतबाट आयको ठेक्कामा ३८ दिनको रू. ७५,७१,९९५।२५ राजश्वमा छुट दिने निर्णय पारित गरेको अवस्था छ।<br>ग. महाकाली नदीको प्राकृतिक श्रोत ठेक्कामा नियमानुसार लिनुपर्ने बोलपत्रको सूचना बमोजिमको न्युनतम कबोल अङ्कमा सम्झौता नगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ को प्रतिकूल नगर कार्यपालिकाको बैठक अनुसार भनी बोलपत्रमा उल्लिखित राजश्व रू. ५४०,००,०००।– घटाई रू.३,५२,६९,३७२।७० रकममा सम्झौता गरी रू.१,८७,३०,६२७।३० राजस्व रकम र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कन्स्ट्रक्सन प्रा.लि. तथा संचालकलाई छुट दिने भन्ने प्रतिवेदन पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसूर गरेकोले घटी राजश्व असुल गर्ने गराउने कार्य गरी उक्त राजस्व छुट रू.७५,७१,९५५।७२ र सोको मु.अ.करसमेत जम्मा रू.८५,५६,३०९।९६ बिगो कायम गरी ऐ ऐनको दफा ७ ले निर्दिष्ट गरेबमोजिम ऐ ऐनको दफा ३(१) र दफा ३(१)(ज) बमोजिम सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रू.८५,५६,३०९।९६ को दोव्वर जरिवाना हुन, सोही ऐनको दफा १९(२) बमोजिमको कसुरमा सोही दफा १९(२) बमोजिम सजाय हुन समेतको सजायको मागदावी लिइएको पाइन्छ।<br><br>साथै प्रतिवादीहरू हिमालयसिँह ऐर र गोविन्दराज उपाध्यायले उक्त ठेक्कामा मिति २०७७/७/२१ गते भ्याट बाहेक न्युनतम कबोल अङ्क रू.५,४०,००,०००।- भएको वोलपत्र आव्हानमा कवोल अङ्क रू.५,४०,००,०००।– नै | दिएको विषय कानून अनुरूपै रहेको तथा नगरपालिका आफैमा एउटा अधिकार सम्पन्न निकाय भएको परिप्रेक्ष्यमा नीतिगत निर्णयबाट भए गरेका कार्य राजश्व छुट दिने भ्रष्टाचारजन्य कसूर गरेको मात्र नमिल्ने। | सो बापतको १३% मु.अ.कर रू.२४,३४,९८१।५५ गरी कुल रू.२,११,६५,६०८।८५ कम राजश्व निर्धारण गरी चुहावट गरेको देखिन्छ।उक्त रकम छुट दिंदा राजश्व असुल उपर नभएको जम्मा रकमः संघीय आर्थिक ऐन, २०७७ को दफा १८ र प्रदेश सरकार आर्थिक ऐन, २०७७ को दफा १२ को प्रावधान विपरीत प्रदेश सरकारको स्वीकृति बिना कार्यदलको सिफारिसको आधारमा मात्र नगरपालिकाले भवानी कन्स्ट्रक्शन प्रा.लि. लाई छुट दिंदा मु.अ.कर समेत रू.८५,५६,३०९।९६ राजश्व असुलउपर नभएको देखिन्छ।<br>घ. भीमदत्त नगरपालिकाले बोलपत्र सूचना बिपरीत रकम कम गरी बोलपत्रदातासँग सम्झौता गर्ने गरी गरेको निर्णय कानुनसम्मत भए नभएको प्रश्न तर्फ विचार गर्दा, महाकाली नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको रोयल्टी उठाउने सम्वन्धी ठेक्काको प्रथमपटक राजधानी दैनिकमा सूचना मिति २०७७।७।२१ गते प्रकाशन हुँदा श्री भवानी कन्सट्रक्सन प्रा.लि.का आधिकारिक व्यक्ति ईश्वरीप्रसाद भट्टले मिति २०७७/८/२१ गते ठेक्काको अङ्क कवोल गरी बोलपत्र पेश गर्दा, उक्त प्रा.लि.को बोलपत्र सारभुत रूपमा प्रभावग्राही भई मिति २०७७/८/२४ गतेको मुल्याङ्कन समितिको निर्णयबाट स्वीकृति हुँदा तथा उक्त मूल्याङ्कन समितिको सिफारिस बमोजिम मिति २०७७/९/२ को नगर र्यपालिकाको कार्यालयले उक्त ठेक्का सम्झौता गर्न आउने भनी ठेकेदारलाई पत्राचार गर्दा समेत ठेक्काको रकम भ्याट वाहेक रू. ५,४०,००,०००।- उल्लेख भएको देखिदाँदेखिँदै उक्त सुचना, बोलपत्र, सिफारिस तथा निर्णय बिपरीत रू.३,५२,६९,३६२।७० रकम कवोल गरेको भनी झुट्टा व्यहोरा उल्लेख गरी भिमदत्त नगरपालिका, नगरकार्यपालिकाको मिति २०७७/८/३० को बैठकको निर्णय बमोजिम मिति २०७७/९/३ गते मु.अ.कर बाहेक रू.३,५२,६९,३७२।७० मा सम्झौता गरेको देखिन्छ।के कुन आधारमा उक्त ठेक्का सुचना एवम् मूल्याङ्कन समेतमा उल्लिखित रकम भन्दा कम रकममा सम्झौता गरियो भन्ने आधार खुलाएको मिसिल संलग्न कागजातहरूबाट देखिँदैन भने सो सम्बन्धमा कतिपय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | राखी वोलपत्र पेश गरेको भवानी कन्स्ट्रक्शन प्रा.लि.को वोलपत्रमा मिति २०७७/८/२४ गते प्रतिवादीहरू गोविन्दराज उपाध्याय र हिमालयसिंह ऐर आफै मूल्याङ्कन समितिमा रही E-biding बाट प्राप्त १ मात्र बोलपत्रमा भवानी कन्स्ट्रक्शन प्रा.लि. ले ठेक्काको लागि सवैभन्दा बढी रकम रू.५,४०,००,०००।- कवोल गरी प्रभावग्राही भएकोले सम्झौता प्रक्रिया अगाडि बढाउन गरेको निर्णय अनुसार नगर कार्यपालिकाको कार्यालयले रू.५,४०,००,०००।– कै कवोल अङ्क स्वीकृत गरी ठेक्का सम्झौता गर्न आउने पत्र प्रेषण गरेको अवस्था विद्यमान हुँदाहुँदै मिति २०७७/९/३ मा नि.प्र.प्र.अ. हरिदत्त जोशीले राजश्व रकम घटाई रू.३,५२,६९,९६२।७० मा सम्झौता गर्दा आफैले मूल्याङ्कन गरी रू.५,४०,००,०००।–को कवोल अङ्कमा सम्झौता गर्ने गरेको सिफारिस विपरित हुने गरी सम्झौताको साक्षीमा रही हस्ताक्षर गर्ने कार्य गरी मु.अ.कर समेत रू.२,११,६५,६०८।८५ घटी राजश्व निर्धारण गर्ने कार्यमा | | प्रतिवादीहरूले २०७७।६।१ गतेदेखि पौष ४ गतेसम्म नगरपालिकाको कर्मचारीले अमानतमा शुल्क उठाएको हुँदा सो अवधिको रकम कटाई बाँकी रकममा ठेक्का सम्झौता भएको हो भनी उल्लेख गरेको, जवकी वोलपत्रका शर्तहरूमा कहीं कतै पनि नगरपालिकाले अमानतमा शुल्क उठाएको अवधिको रकम कट्टा गरी बाँकी रकममा सम्झौता गरिने भन्ने उल्लेख भएको देखिदैन साथै ठेकेदारले रकम कवोल गर्दासमेत त्यस्तो शर्त उल्लेख भएको देखिदैन। यसरी रोयल्टी सङ्कलन गर्नु भन्दा पहिले गरिने वातावरण प्रभाव मुल्याङ्कनको स्वीकृति भीमदत्त नगरपालिकाले २०७७/६/३० गते मात्रै गरेको देखिँदा प्रतिवादीहरूले खुलाएको तथ्यसँग सहमत हुन सक्ने अवस्था छैन। तसर्थ भीमदत्त नगरपालिकालाई ठुलो मात्रामा राजश्व घाटा पर्ने उद्देश्यले प्रतिवादीहरूले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३ख र संघीय आर्थिक ऐन, २०७७ को दफा १८ तथा प्रदेश आर्थिक ऐन, २०७७ दफा १२(१) का कानुनी प्रावधान बिपरीत आपसमा मिलेमतो गरी मिति २०७७।८।३० को नगरकार्यपालिकाको निर्णयमा नगरपालिकालाई नै राजश्व कम हुने प्रकारको गैरकानूनी निर्णय घुसाई ठेकेदारले वोलपत्रमा कवोल गरेको रकम भन्दा कम रकममा सम्झौता गरेको स्पष्ट रूपमा देखिँदादेखिँदै प्रतिवादीहरूलाई सफाइ दिइएको त्रुटिपूर्ण छ।<br>ङ. भीमदत्त नगरपालिकालाई प्राकृतिक स्रोतबाट सङ्कलन हुने राजस्वमा छुट दिने क्षेत्राधिकार छ छैन? भन्ने विषयमा तत्कालीन अवस्थामा प्रचलित कानुन, नेपालसरकारको नीति निर्देशन, सम्झौताका शर्तहरू समेतको रोहमा विश्लेषण गर्दा, बोलपत्रदाताले पेश गरेको रू.३,५३,००,००० को सिद्धार्थ बैङ्कको मिति २०७८/३/२ सम्मको म्याद रहेको बैङ्क जमानत म्यादभित्र नगरपालिकाले आफ्नो सम्झौता अनुसारको राजस्व रकम असुल गर्नु पर्नेमा सो नगरी राजस्व छुट दिने योजनाबद्ध नियतका साथ मिति २०७८/३/१२ गतेको नवौं नगरसभाको निर्णयानुसार राजस्व छुट सम्बन्धमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सहयोग गरी राजश्व चुहावट गरी भ्रष्टाचारजन्य कसुरको मतियार भई ऐ ऐनको दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसूरको मतियार भई ऐ ऐनको दफा २२ बमोजिमको कसुरमा प्रतिवादीहरू हिमालयसिंह ऐर र गोविन्दराज उपाध्यायलाई मुख्य कसुरदारलाई विगो रू.२,११,६५,६०८।८५ कायम गरी ऐ ऐनको दफा ३(१) र दफा ३(१)(झ) बमोजिम सजाय र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रकमको दोव्वर जरिवाना हुने सजायलाई आधार मानी ऐ ऐनको दफा २२ बमोजिम आधा सजाय हुन समेतको मागदावी लिइएको पाइन्छ।<br><br>**ग. प्रतिवादीहरू केशवराज भट्ट, पुष्पराज भट्ट, दिवाकर भट्ट, ईश्वरीप्रसाद भट्टकी श्रीमती खगेश्वरी भट्ट र श्री भवानी कन्स्ट्रक्शन प्रा.लि. कञ्चनपुरको हकमा**<br>यी प्रतिवादीहरूले भीमदत्त नगरपालिका, कन्चनपुरले आ.व. २०७७/०७८ मा महाकाली नदीजन्य पदार्थको रोयल्टी शुल्क उठाउने ठेक्का नं.९/IR/०७७/७८ को ठेक्काको मिति | | कार्यदल गठन गरी सुझाव माग गरेकोमा उक्त ४ सदस्यीय (हिमालबहादुर चन्द, हिमालयसिंह ऐर, हरिसिंह धामी र नरबहादुर शाह) कार्यदलले मिति २०७८/१/१४ गतेदेखि २०७८/२/१७ गते र २०७८/२/१८ देखि २० गतेसम्म घाट सुचारू नभएको निज व्यवसायीलाई ३९ दिनसम्मको दामासाहीले हिसाब गरी छुट दिन सकिने भनी राय दिएको, भीमदत्त नगरपालिकाको ६१ औं नगरकार्यपालिकाको मिति २०७८।४।३२ को निर्णय अनुसार प्राकृतिक स्रोतबाट आयको ठेक्कामा ३८ दिनको रू.७५,७१,९५५।७२ को राजश्व छुटका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरी पत्र प्रेषण गरे तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुदुरपश्चिम प्रदेशबाट राजश्वमा छुट नदिइएको अवस्थामा मिति २०७८।९।१८ गते भीमदत्त नगरपालीकाको दशौं नगर सभाले श्री भवानी कन्सट्रक्शन प्रा.लि. लाई प्राकृतिक स्रोतबाट प्राप्त आयको ठेक्कामा ३८ दिनको रू. ७५,७१,९९५।२५ राजश्वमा छुट दिने निर्णय पारित गरेको हुँदा सोको कानुनी आधार हेर्दा, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी नेपालको संविधान अनुसार स्थानीय तहको एकल अधिकार सूचीमा पर्ने नदेखिएको साथै नेपालको संघीय संरचनाको आधार नै समन्वय, सहअस्तित्व र सहकार्य रहेको अवस्थामा अन्य सरकारहरूको सरोकार समेत समेटिएको प्राकृतिक स्रोतबाट रोयल्टीको विषयमा भीमदत्त नगरपालिकाको एकल निर्णयबाट राजस्व छुट दिने अधिकार नगरपालिकालाई नरहेको प्रष्ट हुन्छ साथै नेपाल सरकारले प्रस्तुत ठेक्का योजनाको समयमा दुई मिटरको सामाजिक दूरी कायम गरी सुरक्षाको मापदण्ड अनिवार्य रूपमा पालना गरी सबै प्रकारको ढुवानी, निर्माण कार्य (निजी), नदी तथा खानीजन्य पदार्थ उत्खनन् सङ्कलन ढुवानी र विक्री बितरण गर्न पाईने भन्ने समेतको मिति २०७७।२।२८ गतेको अतिरिक्ताङ्क १०(ग)को नेपाल सरकारबाट राजपत्रमा प्रकाशित सूचना तथा बोलपत्र कागजातको सर्त ३(ख) मा भएको ठेक्काका मुख्य शर्त अन्तर्गतको बुँदा नं.१४ तथा सम्झौताको शर्त नं ४४ अनुसार ठेक्का कवोल गरी सम्झौता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०७७/०७/२१ गते भ्याट बाहेक न्युनतम कबोल अङ्क रू.५,४०,००,०००।- राखी आव्हान भएको वोलपत्रमा कवोल अङ्क रू.५,४०,००,०००।–राखी वोलपत्र पेश गरेको भवानी कन्स्ट्रक्शन प्रा.लि. ले नगरपालिकाको नगरप्रमुख सुरेन्द्रबहादुर बिष्ट, प्र.प्र.अ. पुस्करप्रसाद भट्ट, नि.प्र.प्र.अ. हरिदत्त जोशी समेतको मिलेमतोमा मिति २०७७/८/३० को नगरकार्यपालाकाको बैठकबाट आ.व. ०७७/०७८ का लागि महाकाली नदीको नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् कार्यमा शुल्क उठाउने सम्बन्धी बोलपत्र सुचना अनुसार श्री भवानी कन्स्ट्रक्सन प्रा.लि.ले कबोल गरेको रू.३,५२,६९,३६२।७० को दरले बोलपत्र स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउन नगरपालिकालाई निर्देशन दिने निर्णय गर्न लगाई सोही बमोजिम मिति २०७७/९/३ मा भीमदत्त नगरपालिकासँग ठेक्का सम्झौता गरी रू.२,११,६५,६०८।८५ को आर्थिक लाभ लिएको कसुर एकातिर रहेको र अर्को तर्फ सोही सम्झौता अनुसारको राजश्व | | भए बमोजिमको रकममा कुनै कारण जनाई तथा नजनाई कुनै किसिमको मिनाहा तथा छुट दिईने छैन भन्ने समेतको व्यवस्थाबाट राजस्व छुट दिने भनी भएको निर्णय मनोमानी (Arbitrarily) ढङ्गले भएको देखिन्छ।<br>च. प्रतिवादीहरूले मिलोमतोमा राजश्व चुहावट गरी भ्रष्टाचार कसुर गरेका हुन् वा होइनन्? भन्ने सन्दर्भमा प्रस्तुत मुद्दा तथा यस मुद्दाजस्तै विषयवस्तु रहेका अन्य मुद्दा (०७९-CR-०१५६ समेत) का वारदातहरू हेर्दा जनप्रतिनिधि, कर्मचारी तथा ठेकेदार तीनै पक्षको मिलोमतोमा प्रस्तुत राजस्व चुहावट भएको देखिन्छ।भीमदत्त नगरपालिका, नगरकार्यपालिकाको निर्णयहरू पारदर्शी हुने नगरेको, अन्य जनप्रतिनिधिहरूलाई उपस्थितिमा मात्रै सही गराई नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले आफ्नोखुशी निर्णय गर्ने गरेको व्यहोरा नगर कार्यपालिकाका अन्य सदस्यहरूले अनुसन्धानको क्रममा तथा अदालतको बयानमा समेत खुलाईदिएबाट प्रष्ट हुन जान्छ।जननिर्वाचित प्रतिनिधि एवम् नेपाल सरकारका कर्मचारीहरूले कानुनको बेवास्ता गर्दै नगरपालिकाको आधारहीन निर्णयको आधारमा गरिएको प्रस्तुत गैरकानुनी गतिविधि कानुनी शासनको प्रतिकूल हुने देखिन्छ।एकातिर यिनै ठेकेदारको ठेक्का प्रत्येक वर्ष भीमदत्त नगरपालिकामा पर्नु तथा हरेक वर्ष कुनै न कुनै बहानामा ठेकेदारलाई फाइदा तथा नगरपालिकालाई राजस्वको हानि नोक्सानी हुने गरी निर्णयहरू जनप्रतिनिधिहरूबाट एकपछि अर्को हुँदै गएका छन् भने कर्मचारिहरूबाट ती निर्णयको संवैधानिक तथा कानुनी आधार तर्फ विचार नगरी कार्यान्वयन गर्दै गरेको देखिन्छ भने बोलपत्रदाताहरूले पनि आफ्नो फाइदा तथा नगरपालिकाको राजस्व चुहावट हुने गरी नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रभावमा पारी प्रस्तुत गैरकानुनी गतिविधि गरेको देखिन्छ।<br>छ. प्रस्तुत राजस्व चुहावटको वारदातमा प्रतिवादीहरूको राजस्व छली गर्ने योजनाबद्ध बदनियत छ छैन? भन्ने तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा नगरपालिकाले आफैले राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रकमसमेत नगरपालिकामा दाखिला नगरी संघीय आर्थिक ऐन, २०७७ दफा १८(१) तथा प्रदेश आर्थिक ऐन, २०७७ दफा १२(१) व्यवस्था प्रतिकूल तथा बोलपत्र कागजातको शर्त ३(ख) मा भएको ठेक्काका मुख्य शर्त अन्तर्गतको बुँदा नं १४ तथा सम्झौताको शर्त नं ४४ अनुसार ठेक्का कवोल गरी सम्झौता भए बमोजिमको रकममा कुनै कारण जनाई तथा नजनाई कुनै किसिमको मिनाहा तथा छुट नदिईने भन्ने समेतको व्यवस्था बिपरीत नगरपालिकाबाट रू.७५,७१,९५५।७२ छुट लिँदा मु.अ. करसमेत रू.८५,५६,३०९।९६ तथा भीमदत्त नगरपालिकामा रू.२,७६,९७,४१७।– राजश्व बुझाएकोमा सोको १३% मूल्य अभिवृद्धी कर नबुझाएको रकम रू.३६,००,६६४।२१ समेत गरी जम्मा रू.३,३३,२२,५८३।०१ (अक्षेरूपी तीन करोड तेत्तिस लाख बाईस हजार पाच सय त्रीयासी रूपियाँ पैसा एक) राजश्व चुहावट गरेको कसुरमा गैर कानूनी लाभ लिने मतीयार भई | | सुचना, बोलपत्रदाताले कबोल गरेको बोलपत्र, बोलपत्र मुल्याङ्कन समेतमा उल्लिखित रकम भन्दा न्युन रकम कायम गरी अचानक सम्झौता गर्नुभन्दा ३ दिन अगाडि मात्र निर्णय गरेको तत्पश्चात् पनि सम्झौता अनुसारको रकम ठेकेदारले पेश गरेको जमानतबाट असुर नगरी नगरपालिकाले उक्त जमानत म्याद सकिसकेपछि मात्रै राजस्व छुटको प्रक्रिया शुरू गरेको, सुदुरपश्चिम सरकारलाई राजस्व छुटको लागि सिफारिस गरेको तर प्रदेश सरकारबाट कुनै निर्णय नहुँदै आफ्नो क्षेत्राधिकार बाहिरको निर्णय गरी राजस्व छुट दिएको लिएको देखिन्छ। राजस्व छुटको विषयमा निर्णय गर्ने अधिकार आफ्नो नरहेको जानकारी नगरकार्यपालिकालाई रहेको व्यहोरा नगरपालिकाले सुदुरपश्चिम सरकारलाई राजस्व छुटको लागि गरेको सिफारिसबाटै प्रष्ट हुन्छ तापनि नगर कार्यपालिकाले बदनियत राखी आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गई राजस्व छुट दिएको देखिन्छ। यसै सन्दर्भमा सर्जन पाण्डे बि. नेपाल सरकार (स.अ.बुलेटिन, बर्ष १८, अङ्क १५, मंसीर २०६६, पुर्णाङ्क ४१७, पृष्ठ १९) भएको मुद्दामा *"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरूपयोग भएको कुरा उसको व्यवहारबाट देखिने हुन्छ, अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ ।"* सिद्धान्त प्रतिपादन भएको अवस्थामा, प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको कार्यको चरणबद्ध कडीहरू विश्लेषण गर्दा निजहरूले जानीजानी बदनियतपूर्वक सार्वजनिक सम्पत्तिको हानि नोक्सानी पुऱ्याएको देखिन्छ। यसरी निज प्रतिवादीहरूले आपसमा मिलेमतो गरी मनसाय एवम् बदनियत राखी नगरपालिकालाई राजस्व हानि नोक्सानी तथा ठेकेदार कम्पनीलाई फाइदा पुग्ने गरी कार्यहरू गरेको तथ्य माथिको प्रकरणहरूमा उल्लिखित विवेचनाबाट प्रष्ट भएको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भीमदत्त नगरपालीकालाई हानी पुऱ्याएकोले निज प्रतिवादीहरू केशव राज भट्ट,, पुष्पराज भट्ट, दिवाकर भट्ट, इश्वरी प्रसाद भट्ट र भवानी कन्स्ट्रक्शन प्रा.लि गैरकानूनी लाभ लिने मतियारको भूमिका खेली भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) र (ख) बमोजिमको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ प्रतिवन्धात्मक वाक्यांस बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरू केशव राज भट्ट, पुष्पराज भट्ट, दिवाकर भट्ट, इश्वरी प्रसाद भट्ट र भवानी कन्स्ट्रक्शन प्रा.लि को हकमा मुख्य कसुरदारलाई जम्मा विगो रू.३,३३,२२,५८३।०१ (अक्षेरूपी तीन करोड तेत्तिस लाख बाईस हजार पाच सय त्रीयासी रूपियाँ पैसा एक) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) ले हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुख्य प्रतिवादीहरूलाई हुने सजाय सरह सजाय हुन मागदावी लिइएको देखिन्छ।<br>घ. यसैगरी, मू.अ.करसमेत रू.३,३३,२२,५८३।०१ गैरकानुनी लाभ लिई भीमदत्त नगरपालिकालाई हानि पुऱ्याउने प्रतिवादी ईश्वरीप्रसाद भट्टको मिति २०७९।४।२९ गते मृत्यु भएको मृत्युदर्ता प्रमाणपत्रबाट देखिएकोले अपराधीसँगै अपराध मर्छ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त एवम् मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३(२) र दफा १५८(२) सहितको कानूनी व्यवस्था बमोजिम निजलाई कैद सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३(२) र दफा १५८(२) बमोजिम मृत व्यक्तिको हकमा समेत सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेकोले स्व. ईश्वरीप्रसाद भट्टको हकमा प्रचलित कानुन बमोजिम निजको हक खाने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अंशियार निजकी श्रीमती प्रतिवादी खगेश्वरी भट्टबाट विगो रू.३,३३,२२,५८३।०१ असुलउपर गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी वनाइएको देखिन्छ। | | |